iPPAN

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

नागरिक

दैनिक

# विद्युत् प्राधिकरणसँग इप्पानका ११ बुँदे माग

नागरिक संवाददाता

*काठमाडौं, साउन २६*

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले नेपाल विद्युत् प्राधिकरणसँग ११ बुँदे माग राखेको छ। इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी नेतृत्वको प्रतिनिधि मण्डलले सोमबार प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई माग बुझाएका हुन्।

वरिष्ठ उपाध्यक्ष डाँगीले इप्पानले लामो समयदेखि उठाउँदै आएका आरसिओडीको म्याद थपदेखि कन्टिन्जेन्सीको व्यवस्था खारेज गर्ने सम्मका ११ वटा मागको सुनुवाई नभएको भन्दै उक्त मागका वारेमा प्राधिकरणको जवाफ माग गरेका थिए।

इप्पानले उठाएका विषयहरूमा आरसिओडी म्याद थप गर्ने, खेर जाने विद्युत्‌को व्यवस्थापन र कन्टिन्जेन्सी व्यवस्था खारेज गर्ने, बिना सर्त २८ हजार ५०० मेगावाटको लक्ष्य हासिल गर्न पिपिए खुलाउनुपर्ने तथा १० मेगावाटसम्मको पिपिएलाई यथाशीघ्र नियमित गर्नुपर्ने, प्राधिकरणले पाँच हजार मेगावाटको लागि पिपिए खुला गर्दा राखेका सर्तहरू हटाउनुपर्ने, हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, प्रसारण लाइनका कारण आयोजनामा पर्ने असरलाई सम्बोधन गर्नुपर्ने, टेक एन्ड पे पिपिए खारेज हुनुपर्ने, पोस्टेड रेट उपलब्ध गराउनुपर्ने, इनर्जी टेबल परिमार्जन गर्नदिनुपर्ने, एक्सेस इनर्जीको व्यवस्थापन गर्नुपर्ने, प्रसारणलाइनको लस हटाउनुपर्ने र जलविद्युतबारे विद्युत् प्राधिकरणको आधिकारिक धारणा (सोलार र ब्याट्री भएपछि जलविद्युत् आवश्यक नपर्ने भनाइबारे स्पष्टता) दिनुपर्ने लगायतका मागहरू थिए।

वरिष्ठ उपाध्यक्ष डाँगीले अहिले पनि २२ आयोजनाहरू कन्टिन्जेन्सीमा चलिरहेको भन्दै ती आयोजनाको उक्त व्यवस्था खारेज हुनुपर्ने बताए। बजेटमा टेक एन्ड पे समावेश गरेपछि १० मेगावाटभन्दा साना आयोजनाको पिपिए पनि रोकिएकोले त्यसलाई अविलम्ब सुरु गर्नुपर्ने पनि उनको भनाइ थियो। इप्पानका उपाध्यक्ष रामप्रसाद आचार्यले विद्युत् प्राधिकरणले पिपिए नै नगर्ने हो भने विद्युत् विकास विभागले लाइसेन्स दिन पनि रोक्नुपर्ने र कनेक्सन एग्रिमेन्ट पनि गराउन नहुने बताए। एउटा निकायले आश देखाउने र अर्को निकायले लगानी गरिसकेपछि बिजुली किन्दिन भन्नु उचित नभएको उनको भनाइ छ।




> 'एउटा निकायले आश देखाउने र अर्को निकायले लगानी गरिसकेपछि बिजुली किन्दिन भन्नु उचित छैन।'

उनले १० मेगावाटभन्दा साना र ठूला भनेर दुई नीति लिन नहुने पनि बताए। साना आयोजनालाई भनेर दिएका सुविधा ठूला आयोजनालाई पनि बराबरी दिनुपर्ने उनले बताए।

इप्पानका महासचिव बलराम खतिवडाले पछिल्लो समय विद्युत् प्राधिकरणबाट सम्पादन हुनुपर्ने निजी क्षेत्रका कामहरू छिटोछरितो नभएको गुनासो आएको भन्दै निजी प्रवर्द्धकहरूसँग दूरी बढाएर अघि नबढ्न शाक्यलाई आग्रह गरे। उनले १० मेगावाट साना आयोजनाको पिपिए पनि रोकिँदा लगानीकर्ताहरू पलायन हुनसक्ने चिन्ता व्यक्त गरे।

इप्पानका समस्या सुनेर जवाफ दिँदै प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले आरसिओडीको म्याद थपका लागि बनेको समितिले रिपोर्ट बुझाइसकेको र त्यसैका आधारमा म्याद थप हुने पनि उनले बताए। कतिपय आयोजनाको हकमा भने त्यसको अवस्था हेरेर निर्णय लिनुपर्ने शाक्यको भनाईको इप्पानका पदाधिकारीले एकैस्वरमा प्रतिवाद गर्दै ढिलो बिजुली आउँदा प्राधिकरणलाई नै फाइदा हुँदा हुँदै किन सबै आयोजनाको एकैपटक म्याद थप नगर्ने भनी प्रश्न उठाएका थिए। शाक्यले अख्तियारको डर देखाउँदै कन्टिन्जेन्सी व्यवस्था भने तत्काल खारेज गर्न नसकिने जवाफ दिए।

'कन्टिन्जेन्सी खारेज गर्न कि निर्यात हुनुपर्‍यो, कि आन्तरिक खपत बढ्नुपर्‍यो। होइन भने हामी यो हटाउन सक्दैनौं। क्लज हुँदाहुँदै पैसा तिर्दा त म अख्तियारको फन्दामा पर्छु', शाक्यले भने।

यो समस्या समाधानको लागि लाइनको क्षमता बढाउन र नयाँ बनाउन निजी क्षेत्रसँग मिलेर काम गर्नुको विकल्प नभएको उनको भनाइ छ। उनले पश्चिम सेती करिडोरमा निजी क्षेत्रसहितका चार वटा निकायले संयुक्तरूपमा प्रसारण लाइन निर्माणमा हात हालिसकेको भन्दै आगामी दिनमा पनि यसै गरी जानुपर्ने बताए। उनले पिपिए भइसकेर निर्माणमा गएका पाँच हजार मेगावाट क्षमताका आयोजना र अब पिपिए हुने चार हजार ९०० मेगावाट क्षमताका आयोजनाको विद्युत् ६ महिना सिधै भारतमा निर्यात हुने सुनिश्चितता गरेर थप आयोजनाको पिपिए गर्न आफू लागिरहेको पनि बताए।

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः । gorkhapatraonline.com

# इप्पानले राख्यो एघारबुँदे माग




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, साउन २६ गते*

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले नेपाल विद्युत् प्राधिकरणसमक्ष ११ बुँदे माग राखेको छ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी नेतृत्वको प्रतिनिधिमण्डलले सोमबार प्राधिकरणका कार्यकारी निर्देशक शाक्यलाई भेटेर विगतदेखि नै उठाउँदै आएका माग छिटो पूरा गरिदिन आग्रह गरेको छ।

इप्पानले अवरुद्ध रहेको विद्युत् खरिदबिक्री सम्झौता खुला गर्नुपर्ने, जलविद्युत् आयोजनाको व्यावसायिक विद्युत् उत्पादन मिति (आरसिओडी) म्याद थप गर्ने, खेर जाने विद्युत्‌को व्यवस्थापन गर्ने र कन्टिन्जेन्सी व्यवस्था खारेज गर्न माग गरेको छ । मागपत्रमा प्राधिकरणले हालै आह्वान गरेको पाँच हजार मेगावाटका लागि पिपिए आवेदनका सर्तहरू हटाउनुपर्ने विषयलाई प्राथमिकतासाथ उठाउनुपर्ने माग राखिएको छ।

यस्तै गरी चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमार्फत गरिएको जलप्रवाही आयोजनाको विद्युत् खरिदबिक्री सम्झौता टेक एन्ड पेका आधारमा मात्र गरिने व्यवस्था खारेज गर्नुपर्नेलगायतका माग राखेको छ।

छलफलमा वरिष्ठ उपाध्यक्ष डाँगीले अहिले पनि २२ वटा आयोजना कन्टिन्जेन्सीमा चलिरहेको भन्दै ती आयोजनाको उक्त व्यवस्था खारेज हुनुपर्ने बताउनुभयो। बजेटमा टेक एन्ड पे समावेश गरेपछि १० मेगावाटभन्दा साना आयोजनाको पिपिए पनि रोकिएकाले त्यसलाई अविलम्ब सुरु गर्नुपर्ने पनि उहाँको भनाइ थियो।

इप्पानका उपाध्यक्ष रामप्रसाद आचार्यले विद्युत् प्राधिकरणले पिपिए नै नगर्ने हो भने विद्युत् विकास विभागले लाइसेन्स दिन पनि रोक्नुपर्ने र कनेक्सन एग्रिमेन्ट पनि गराउन नहुने बताउनुभयो । "एउटा निकायले आस देखाउने र अर्को निकायले लगानी गरिसकेपछि बिजुली किन्दिनँ भन्नु अन्यायपूर्ण भइरहेको छ," उहाँले भन्नुभयो।

इप्पानका महासचिव बलराम खतिवडाले निजी प्रवर्धकसँग दुरी बढाएर अघि नबढ्न शाक्यलाई आग्रह गर्नुभयो।

छलफलमा प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले आरसिओडीको म्याद थपका लागि बनेको समितिको प्रतिवेदन अनुसार गरिने प्रस्ट पार्नुभयो। उहाँले कन्टिन्जेन्सी व्यवस्था पनि तत्कालै खारेज गर्न नसकिने जवाफ दिनुभयो।

निजी क्षेत्रले प्रसारण लाइन निर्माणमा गरेको प्रयासको सराहना गर्दै उहाँले जलविद्युत् उत्पादनको पिपिए गरे जस्तै प्रसारण लाइनमा पनि त्यस्तै मोडालिटीमा आम्दानीको ग्यारेन्टी गरिने शाक्यले बताउनुभयो।

उहाँले पिपिए भइसकेर निर्माणमा गएका पाँच हजार मेगावाट क्षमताका आयोजना र अब पिपिए हुने चार हजार ९०० मेगावाट क्षमताका आयोजनाको विद्युत् छ महिना सिधै भारतमा निर्यात हुने सुनिश्चित गरेर मात्रै थप आयोजनको पिपिए गर्ने प्राधिकरणको सोच रहेको बताउनुभयो।

केही दिनअघि एक सार्वजनिक कार्यक्रममा प्राधिकरण जलविद्युत्‌को पछि नलाग्ने भनी दिएको अभिव्यक्ति जलविद्युत् आयोजनाकै पक्षमा रहेको जिकिर गर्नुभयो । "आगामी दिनमा सौर्य ऊर्जा सस्तो हुँदै जाने भएकाले जलविद्युत्‌भन्दा सस्तो हुने र ब्याट्रीमा स्टोरेज पनि गर्न सकिने हुँदा जलविद्युत्‌को उपादेयता कम हुन्छ कि भन्ने चिन्ता हो," उहाँले भन्नुभयो, "१० वर्षपछि यस्तो अवस्था आउँछ भनेको हो, चाहिँदैन भनेको होइन।"

हाइड्रोले ६० प्रतिशत स्वदेशी सामान खपत गर्ने, स्वदेशकै जनशक्ति खपत गर्ने र सोलारलका प्यानलदेखि ब्याट्रीसम्म सबै आयात हुने हुँदा अर्थतन्त्रमा जलविद्युत्‌कै योगदान बढी हुनेमा आफू स्पष्ट रहेको पनि शाक्यको भनाइ थियो।

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक
कारोबार
karobar
1st National Economic Daily

# आरसीओडी म्याद थपदेखि कन्टिन्जेन्सी व्यवस्था खारेज गर्न इप्पानको माग

काठमाडौं (कास) - स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य समक्ष ११ बुँदे माग राखेको छ । इप्पानले उठाएका मागहरूमा आवश्यक व्यावसायिक उत्पादन (आरसीओडी) म्याद थप गर्ने, खेर जाने विद्युत व्यवस्थापन र कन्टिन्जेन्सी व्यवस्था खारेज गर्ने, बिना सर्त २८ हजार ५०० मेगावाटको लक्ष्य हासिल गर्न पीपीए खुलाउनुपर्ने तथा १० मेगावाटसम्मको पीपीएलाई यथाशिघ्र सुचारु गर्नुपर्नेलगायतका छन् ।

प्राधिकरणले ५ हजार मेगावाटको लागि पीपीए खुला गर्दा राखेका सर्तहरू हटाउनुपर्ने, हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, प्रसारणलाइनका कारण आयोजनामा पर्ने असरको सम्बोधन गर्नुपर्ने, टेक एण्ड पे पीपीए खारेज हुनुपर्ने, पोस्टेड रेट उपलब्ध गराउनुपर्ने, इनर्जी टेबल परिमार्जन गर्न दिनुपर्ने, एक्सेस इनर्जी व्यवस्थापन गर्नुपर्ने, प्रसारणलाइनको घाटा हटाउनुपर्ने र जलविद्युतबारे विद्युत प्राधिकरणको आधिकारिक धारणा दिनुपर्नेलगायतका माग रहेका छन् ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी नेतृत्वको प्रतिनिधि मण्डलले सोमबार कार्यकारी निर्देशक शाक्यसमक्ष विगतदेखि नै उठाउँदै आएका मागहरू छिटो पूरा गर्न आग्रह गरेका हुन् । वरिष्ठ उपाध्यक्ष डाँगीले इप्पानले लामो समयदेखि उठाउँदै आएका आरसीओडीको म्याद थपदेखि कन्टिन्जेन्सी व्यवस्था खारेज गर्नेसम्मका ११ वटा मागको सुनुवाइ नभएको जानकारी दिए ।

डाँगीले अहिले पनि २२ आयोजनाहरू कन्टिन्जेन्सीमा चलिरहेको भन्दै ती आयोजनाको उक्त व्यवस्था खारेज हुनुपर्ने बताए । बजेटमा टेक एण्ड पे समावेश गरेपछि १० मेगावाटभन्दा साना आयोजनाको पीपीए रोकिएकोले त्यसलाई अविलम्ब सुरु गर्नुपर्ने पनि उनको भनाइ थियो ।

इप्पानका उपाध्यक्ष रामप्रसाद आचार्यले विद्युत प्राधिकरणले पीपीए नै नगर्ने हो भने विद्युत विकास विभागले लाइसेन्स दिन रोक्नुपर्ने र कनेक्सन एग्रिमेन्ट पनि गराउन नहुने बताए । एउटा निकायले आश देखाउने र अर्को निकायले लगानी गरिसकेपछि बिजुली किन्दिन भन्नु उचित नभएको उनको भनाइ छ । उनले १० मेगावाटभन्दा साना र ठूला भनेर दुई थरी नीति लिन नहुनेमा जोड दिए । साना आयोजनालाई भनेर दिएका सुविधा ठूला आयोजनालाई पनि बराबरी दिनुपर्ने उनको भनाइ छ ।

इप्पानका महासचिव बलराम खतिवडाले पछिल्लो समय विद्युत प्राधिकरणबाट सम्पादन हुनुपर्ने निजी क्षेत्रका कामहरू छिटोछरितो नभएको गुनासो आएको भन्दै निजी प्रवर्द्धकहरूसँग दुरी बढाएर अघि नबढ्न शाक्यलाई आग्रह गरे । उनले १० मेगावाट साना आयोजनाको पीपीए पनि रोकिँदा लगानीकर्ताहरू पलायन हुनसक्ने चिन्ता व्यक्त गरे ।

इप्पान सदस्य उत्तरकुमार श्रेष्ठले आरसीओडी म्याद थपका विषयमा फोर्स मेजर भनेर मात्रै हेर्न नहुने बताए । उनले एउटा जिल्लामा बाढी आएर पुल बगाउँदा त्यही जिल्लाका आयोजनाले आरसीओडी थप पाउँदा त्यहीँ पुलबाट सामान ढुवानी गर्नुपर्ने अर्को जिल्लाको आयोजनाले भने उक्त सुविधा पाउन नसकेको बताए । विद्युत व्यवस्थापन गर्न नसकिरहेको अहिलेको अवस्थामा ढिलो बिजुली उत्पादन हुँदा विद्युत प्राधिकरणलाई नै फाइदा हुने भए पनि किन सबै आयोजनाको आरसीओडी म्याद थप नगर्ने भन्दै श्रेष्ठले प्रश्न गरे ।

कार्यसमिति सदस्य कुवेरमणि नेपालले सबै आयोजनाका पावर हाउसमा एक-एक मेगावाट सोलार राख्न अनुमति दिए हिउँदको माग व्यवस्थापनमा सहज हुने बताए । तर, त्यसका लागि उक्त बिजुलीको रेट पनि जलविद्युतले हिउँदमा पाउने रेट नै हुनुपर्ने उनको भनाइ छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक

प्राधिकरणसमक्ष इप्पानका ११ बुँदे माग

# पिपिए खुलाउनुपर्नेदेखि शाक्यको भनाइको स्पष्टीकरणसम्म

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसामु ११ बुँदे माग राखेको छ। इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी नेतृत्वको प्रतिनिधि मण्डलले सोमबार कार्यकारी निर्देशक शाक्यलाई भेट्दै विगतदेखि नै उठाउँदै आएका मागहरू छिटो पूरा गर्न आग्रह गर्दै सो माग राखेको हो।




वरिष्ठ उपाध्यक्ष डाँगीले इप्पानले लामो समयदेखि उठाउँदै आएका आरसिओडीको म्याद थपदेखि कन्टिन्जेन्सीको व्यवस्था खारेज गर्ने सम्मका ११ वटा मागको सुनुवाइ नभएको भन्दै सो मागबारे प्राधिकरणको जवाफ माग गरेका थिए। इप्पानले उठाएका विषयहरूमा आरसीओडी म्याद थप गर्ने, खेर जाने विद्युत्को व्यवस्थापन र कन्टिन्जेन्सी व्यवस्था खारेज गर्ने र बिनासर्त २८ हजार ५ सय मेगावाटको लक्ष्य हासिल गर्न पीपीए खुलाउनुपर्ने तथा १० मेगावाटसम्मको पीपीएलाई यथाशीघ्र सुचारु गर्नुपर्ने माग रहेका छन्।

त्यस्तै, इप्पानले प्राधिकरणले ५ हजार मेगावाटको लागि पिपिए खुला गर्दा राखेका सर्तहरू हटाउनुपर्ने, हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, प्रसारणलाइनका कारण आयोजनामा पर्ने असरको सम्बोधन गर्नुपर्ने, टेक एन्ड पे पीपीए खारेज हुनुपर्ने, पोस्टेड रेट उपलब्ध गराउनुपर्ने, इनर्जी टेबल परिमार्जन गर्नदिनुपर्ने, एक्सेस इनर्जीको व्यवस्थापन गर्नुपर्ने, प्रसारणलाइनको लस हटाउनुपर्ने र जलविद्युत्बारे विद्युत् प्राधिकरणको आधिकारिक धारणा (सोलार र ब्याट्री भएपछि जलविद्युत् आवश्यक नपर्ने भनाइबारे स्पष्टता) दिनुपर्नेलगायतका माग राखेको छ।

वरिष्ठ उपाध्यक्ष डाँगीले अहिले पनि २२ आयोजनाहरू कन्टिन्जेन्सीमा चलिरहेको भन्दै ती आयोजनाको सो व्यवस्था खारेज हुनुपर्ने बताए। बजेटमा टेक एन्ड पे समावेश गरेपछि १० मेगावाट भन्दा साना आयोजनाको पीपीए पनि रोकिएकाले त्यसलाई अविलम्ब सुरु गर्नुपर्ने पनि उनको भनाइ थियो। इप्पानका उपाध्यक्ष रामप्रसाद आचार्यले विद्युत् प्राधिकरणले पिपिए नै नगर्ने हो भने विद्युत् विकास विभागले लाइसेन्स दिन पनि रोक्नुपर्ने र कनेक्सन एग्रिमेन्ट पनि गराउन नहुने बताए। एउटा निकायले आस देखाउने र अर्को निकायले लगानी गरिसकेपछि बिजुली किन्दैन भन्नु उचित नभएको उनको भनाइ छ।

### समस्या समाधानका लागि सञ्चालक समितिमा प्रस्ताव लैजान्छु : शाक्य

इप्पानका माग सुनेर जवाफ दिँदै प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले आरसीओडीको म्याद थपका लागि बनेको समितिले रिपोर्ट बुझाइसकेको र त्यसैका आधारमा म्याद थप हुने पनि उनले बताए। शाक्यले अख्तियारको डर देखाउँदै कन्टिन्जेन्सी व्यवस्था भने तत्कालै खारेज गर्न नसकिने जवाफ दिए। 'कन्टिन्जेन्सी खारेज गर्न कि त निर्यात हुनुपऱ्यो, कि त आन्तरिक खपत बढ्नुपऱ्यो, होइन भने हामी यो हटाउन सक्दैनौं, क्लज हुँदाहुँदै पैसा तिर्दा त म अख्तियारको फन्दामा पर्छु' शाक्यले भने।

निजी क्षेत्रले प्रसारण लाइन बनाउँदा जलविद्युत् उत्पादनको पीपीए गरेजस्तै प्रसारणलाइनमा पनि त्यस्तै मोडालिटीमा आम्दानीको ग्यारेन्टी गरिने शाक्यको भनाइ छ। उनले पीपीए भइसकेर निर्माणमा गएका ५ हजार मेगावाट क्षमताका आयोजना र अब पीपीए हुने ४ हजार ९ सय मेगावाट क्षमताका आयोजनाको विद्युत् ६ महिना सिधै भारतमा निर्यात हुने सुनिश्चितता गरेर थप आयोजनको पीपीए गर्न आफू लागिरहेको पनि बताए। केही दिनअघि एउटा सार्वजनिक कार्यक्रममा प्राधिकरण जलविद्युतको पछि नलाग्ने बताएका शाक्यले सो विषय स्पष्ट पारेका छन्। आगामी दिनमा सोलार ऊर्जा सस्तो हुँदै जाने भएकाले जलविद्युत्भन्दा सस्तो हुनुका साथै ब्याट्री स्टोरेज पनि गर्न सकिने हुँदा जलविद्युत्को उपादेयता कम हुन्छ कि भन्ने चिन्ता व्यक्त गरेको बताए।

news24 दैनिक

वर्ष १३ अंक ०७ राष्ट्रिय दैनिक | २७ साउन २०८२, मंगलबार भदौ कृष्ण तृतीया | नेपाल संवत् ११४५ | Tuesday 12 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

# विद्युत् प्राधिकरणसामु इप्पानका एघार माग

news24

**काठमाडौं, साउन २६**

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसामु ११ बुँदे माग राखेको छ। इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी नेतृत्वको प्रतिनिधिमण्डलले सोमवार कार्यकारी निर्देशक शाक्यलाई भेटेर आफ्ना मागहरू छिटो पूरा गरिदिन आग्रह गरेको हो।

वरिष्ठ उपाध्यक्ष डाँगीले लामो समयदेखि उठाउँदै आएको जलविद्युत् आयोजनाको विद्युत् उत्पादन तालिका (आरसिओडी)को म्याद थप्ने देखि कन्टिन्जेन्सीको व्यवस्था खारेज गर्नेसम्मका ११ वटा माग सुनुवाई नभएको भन्दै प्राधिकरणको जवाफ मागिएको बताए। इप्पानले आरसीओडी म्याद थप गर्ने, खेर जाने विद्युत्को व्यवस्थापन र कन्टिन्जेन्सी व्यवस्था खारेज गर्ने, बिना सर्त २८ हजार ५०० मेगावाटको लक्ष्य हासिल गर्न पालो कुरिरहेका जलविद्युत् आयोजनाको विद्युत् खरिद सम्झौता (पीपीए) खुलाउनुपर्ने, १० मेगावाटसम्मका आयोजनाको पीपीए यथाशीघ्र सुचारु गर्नुपर्ने र प्राधिकरणले ५००० मेगावाटको लागि पीपीए खुला गर्दा राखेका सर्तहरू हटाउनुपर्ने माग गरेको छ।

यस्तै, हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, प्रसारणलाइनका कारण आयोजनामा पर्ने असरको सम्बोधन गर्नुपर्ने, टेक एण्ड पे प्रावधानको पीपीए खारेज हुनुपर्ने, पोस्टेड रेट उपलब्ध गराउनुपर्ने, इनर्जी टेबल परिमार्जन गर्न दिनुपर्ने, एक्सेस इनर्जीको व्यवस्थापन गर्नुपर्ने, प्रसारणलाइनको चुहावट न्यूनीकरण गर्नुपर्ने र जलविद्युत्बारे विद्युत् प्राधिकरणको आधिकारिक धारणा (सोलार र ब्याट्री भएपछि जलविद्युत् आवश्यक नपर्ने भनाईबारे स्पष्टता) दिनुपर्ने लगायतका माग पनि इप्पानले राखेको छ। वरिष्ठ उपाध्यक्ष डाँगीले अहिले पनि २२ आयोजनाहरू कन्टिन्जेन्सीमा चलिरहेको भन्दै त्यस्तो व्यवस्था खारेज हुनुपर्ने बताए। बजेटमा टेक एण्ड पे प्रावधान सहितको पीपीए समावेश गरेपछि १० मेगावाट भन्दा साना आयोजनाको पीपीए पनि रोकिएकोले त्यसलाई अविलम्ब सुरु गर्नुपर्ने माग पनि इप्पानले गरेको छ।

इप्पानका उपाध्यक्ष रामप्रसाद आचार्यले विद्युत् प्राधिकरणले पीपीए नै नगर्ने हो भने विद्युत् विकास विभागले लाइसेन्स दिन पनि रोक्नुपर्ने र कनेक्सन एग्रिमेन्ट पनि गराउन नहुने बताए। एउटा निकायले आश देखाउने र अर्को निकायले लगानी गरिसकेपछि बिजुली किन्दिन भन्नु उचित नभएको उनको भनाइ छ। उनले १० मेगावाट भन्दा साना र ठूला भनेर दुई थरी नीति लिन नहुने पनि बताए। साना आयोजनालाई भनेर दिएका सुविधा ठूला आयोजनालाई पनि बराबरी दिनुपर्ने उनले बताए।

इप्पानका महासचिव बलराम खतिवडाले पछिल्लो समय विद्युत् प्राधिकरणबाट सम्पादन हुनुपर्ने निजी क्षेत्रका कामहरू छिटोछरितो नभएको गुनासो आएको भन्दै निजी प्रवर्द्धकहरूसँग दुरी बढाएर अघि नबढ्न शाक्यलाई आग्रह गरे। उनले १० मेगावाट साना आयोजनाको पीपीए पनि रोकिँदा लगानीकर्ताहरू पलायन हुनसक्ने चिन्ता व्यक्त गरे। इप्पान कार्यसमिति सदस्य उत्तरकुमार श्रेष्ठले आरसीओडी म्याद थपका विषयमा फोर्स मेजर भनेर मात्रै हेर्न नहुने बताए। उनले एउटा जिल्लामा बाढी आएर पुल बगाउँदा त्यही जिल्लाका आयोजनाले आरसीओडी थप पाउँदा त्यही पुलबाट सामान ढुवानी गर्नुपर्ने अर्को जिल्लाको आयोजनाले भने



उक्त सुविधा पाउन नसकेको बताए। विद्युत्को व्यवस्थापन गर्न नसकिरहेको अहिलेको अवस्थामा ढिलो बिजुली उत्पादन हुँदा विद्युत् प्राधिकरणलाई नै बेफाइदा हुने भए पनि किन सबै आयोजनाको आरसीओडी म्याद थप नगर्ने भन्दै श्रेष्ठले प्रश्न गरे।

कार्यसमिति सदस्य कुवेरमणि नेपालले सबै आयोजनाका पावर हाउसमा १/१ मेगावाट सोलार राख्न अनुमति दिए हिउँदको माग व्यवस्थापनमा सहज हुने बताए। तर, त्यसका लागि उक्त बिजुलीको रेट पनि जलविद्युत्ले हिउँदमा पाउने रेट नै हुनुपर्ने उनको भनाइ छ। कार्यसमिति सदस्य शंकर बश्यालले सरकारले खाना पकाउने ग्यासमा दिँदै आएको अनुदान विद्युत्ीय चुल्हो लगायतका संरचना निर्माणमा खर्च गरेर विद्युत् खपत बढाउनुपर्ने बताए।

**शाक्यको जवाफ: सञ्चालक समितिमा प्रस्ताव लैजान्छु**

इप्पानका समस्या सुनेर जवाफ दिँदै प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले आरसीओडीको म्याद थपका लागि बनेको समितिले रिपोर्ट बुझाइसकेको र त्यसैका आधारमा म्याद थप हुने बताए। कतिपय आयोजनाको हकमा भने त्यसको अवस्था हेरेर निर्णय लिनुपर्ने बताएपछि इप्पानका पदाधिकारीहरूले प्रतिवाद गरेका थिए। त्यसपछि शाक्यले अख्तियारको डर देखाउँदै कन्टिन्जेन्सी व्यवस्था तत्कालै खारेज गर्न नसकिने जवाफ दिए। 'कन्टिन्जेन्सी खारेज गर्नका लागि कि त निर्यात हुनुपर्‍यो, कि त आन्तरिक खपत बढ्नुपर्‍यो। होइन भने हामी यो हटाउन सक्दैनौं। क्लज हुँदाहुँदै पैसा तिर्दा त म अख्तियारको फन्दामा पर्छु', शाक्यले भने।

समस्या समाधानको लागि लाइनको क्षमता बढाउन र नयाँ बनाउन निजी क्षेत्रसँग मिलेर काम गर्नुको विकल्प नभएको उनको भनाइ छ। उनले पश्चिम सेती करिडोरमा निजी क्षेत्रसहितका ४ वटा निकायले संयुक्तरूपमा प्रसारणलाइन निर्माणमा हात हालिसकेको भन्दै आगामी दिनमा पनि यसै गरी जानुपर्ने बताए। निजी क्षेत्रले प्रसारणलाइन बनाउँदा जलविद्युत् उत्पादन गर्ने आयोजनाको पीपीए गरेजस्तै प्रसारणलाइनमा पनि त्यस्तै मोडालिटीमा आम्दानीको ग्यारेन्टी गरिने शाक्यको भनाइ छ।

उनले पीपीए भइसकेर निर्माणमा गएका ५००० मेगावाट क्षमताका आयोजना र अब पीपीए हुने ४९०० मेगावाट क्षमताका आयोजनाको विद्युत् ६ महिनामा सिधै भारतमा निर्यात हुने सुनिश्चितता गरेर थप आयोजनको पीपीए गर्नका लागि आफू लागिरहेको पनि बताए। त्यसका लागि प्राधिकरणले छिट्टै सूचना निकालेर प्रवर्द्धकहरूलाई छलफलमा बोलाउने र उत्पादन हुने मिति एकिन गरेर त्यसपछि भारतलाई आयोजनाको विद्युत् आउने समयअनुसार यो मितिमा यति बिजुली दिन सक्छौं भनेर सम्झौता गर्ने तयारीमा प्राधिकरण रहेको बताए। उनले प्रवर्द्धकले त्यसरी भनेको समयमा विद्युत् दिन नसके भारतकै नियमअनुसार जरिवाना तिर्नुपर्ने पनि संकेत गरे। तर, यी सबै काममा विद्युत् प्राधिकरण एक्लैले सबै रिस्क लिन नसक्ने भन्दै उनले रिस्क शेयरिङका लागि पनि इप्पानसँग आग्रह गरे। आयोजनाको पीपीए खुला गर्ने अर्को विकल्प भनेको निजी क्षेत्रले नै विद्युत् खरिदबिक्री गर्ने बाटो खुला गर्नु रहेको पनि शाक्यले बताए।

**शाक्यको स्पष्टीकरण**

केही दिन अघि शाक्यले एउटा सार्वजनिक कार्यक्रममा प्राधिकरण जलविद्युत् आयोजनाको पछि नालग्ने बताएका थिए। त्यसमा व्यवसायीहरूले आपत्ति जनाएपछि शाक्यले प्रष्टीकरण दिएका छन्। उनले आगामी दिनमा सोलार ऊर्जा सस्तो हुँदै जाने र ब्याट्री स्टोरेज पनि गर्न सकिने भएकाले जलविद्युत्को उपदेयता कम हुन्छ कि भनेर चिन्ता व्यक्त गरेको दाबी गरे।

उनले भने, 'सोलार सस्तो हुँदैछ, त्यही भएर पछि सस्तो बिजुली यताबाट आयो भने हाइड्रो के गर्ने भनेको हो, १० वर्ष पछि यस्तो अवस्था आउँछ भनेको हो, चाहिदैन भनेको होइन।' हाइड्रोले ६० प्रतिशत स्वदेशी सामान खपत गर्ने, स्वदेशकै जनशक्ति खपत गर्ने र सोलारलका प्यानल देखि ब्याट्रिसम्म सबै आयात हुने हुँदा अर्थतन्त्रमा जलविद्युत्कै योगदान बढी हुनेमा आफू स्पष्ट रहेको पनि शाक्यले बताए।

वर्ष २० । अंक २८९ । काठमाडौं । मंगलवार, २७ साउन २०८२ । Tuesday, 12 August 2025 । पृष्ठ ८ । मूल्य रू. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

# विद्युत् प्राधिकरणसामु इप्पानले राख्यो ११ बुँदे माग

## कार्यकारी निर्देशक शाक्य भन्छन्- कन्टिन्जेन्सी व्यवस्था तत्काल खारेज हुँदैन

**अभियान संवाददाता**

काठमाडौं

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले नेपाल विद्युत् प्राधिकरणसँग ११ बुँदे माग राखेको छ । इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी नेतृत्वको प्रतिनिधिमण्डलले सोमवार प्राधिकरणका कार्यकारी निर्देशक शाक्यलाई भेटेर आफ्ना माग छिटो पूरा गरिदिन आग्रह गरेको हो । लामो समयदेखि इप्पानले उठाउँदै आएका आरसीओडी (व्यापारिक विद्युत उत्पादन शुरू गर्नुपर्ने मिति) थपदेखि कन्टिन्जेन्सीको व्यवस्था खारेज गर्नेसम्मका ११ ओटा मागको सुनुवाइ नभएको भन्दै डाँगीले ती मागबारे प्राधिकरणको जवाफ मागेका थिए । इप्पानले उठाएका विषयहरूमा आरसीओडी थप गर्ने, खेर जाने विद्युत् व्यवस्थापन र कन्टिन्जेन्सी (आयोजना व्यवस्थापन खर्च) खारेज गर्ने, विनाशर्त २८ हजार ५०० मेगावाटको लक्ष्य हासिल गर्न पीपीए खुलाउनुपर्ने, १० मेगावाटसम्मको पीपीएलाई यथाशीघ्र पुनः शुरू गर्नुपर्ने, प्राधिकरणले ५ हजार मेगावाटका लागि पीपीए खुला गर्दा राखेका शर्त हटाउनुपर्ने, हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, प्रसारणलाइनका कारण आयोजनामा पर्ने असरको सम्बोधन गर्नुपर्ने रहेका छन् ।

यसैगरी टेक एण्ड पे पीपीए खारेज हुनुपर्ने, पोस्टेड रेट उपलब्ध गराउनुपर्ने, इनर्जी टेबल परिमार्जन गर्न दिनुपर्ने, एक्सेस इनर्जीको व्यवस्थापन गर्नुपर्ने, प्रसारणलाइनको घाटा हटाउनुपर्ने र जलविद्युत्बारे विद्युत् प्राधिकरणको आधिकारिक धारणा (सोलार र ब्याट्री भएपछि जलविद्युत् आवश्यक नपर्ने भनाइबारे स्पष्टता) दिनुपर्ने लगायत माग रहेका छन् ।




**प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले आरसीओडी थपका लागि बनेको समितिले रिपोर्ट बुझाइसकेको र त्यसैका आधारमा म्याद थप हुने बताए ।**

वरिष्ठ उपाध्यक्ष डाँगीले अहिले पनि २२ आयोजना कन्टिन्जेन्सीमा चलिरहेको भन्दै उक्त व्यवस्था खारेज हुनुपर्ने बताए । बजेटमा टेक एण्ड पे समावेश गरेपछि १० मेगावाटभन्दा साना आयोजनाको पीपीए पनि रोकिएकाले त्यसलाई अविलम्ब शुरू गर्नुपर्ने पनि उनको भनाइ थियो ।

इप्पानका उपाध्यक्ष रामप्रसाद आचार्यले विद्युत् प्राधिकरणले विद्युत् खरीदविक्री सम्झौता (पीपीए) नै नगर्ने हो भने विद्युत् विकास विभागले लाइसेन्स दिन पनि रोक्नुपर्ने र 'कनेक्सन एग्रिमेन्ट' पनि गराउन नहुने बताए । एउटा निकायले आश देखाउने र अर्को निकायले लगानी गरिसकेपछि बिजुली किन्दिनँ भन्नु उचित नभएको उनको भनाइ छ ।

इप्पानका महासचिव बलराम खतिवडाले पछिल्लो समय विद्युत् प्राधिकरणबाट हुनुपर्ने निजीक्षेत्रका काम छिटोछरितो नभएको गुनासो आएको भन्दै निजी प्रवर्द्धकहरूसँग दूरी बढाएर अघि नबढ्न शाक्यलाई आग्रह गरे । उनले १० मेगावाट साना आयोजनाको पीपीए पनि रोकिँदा लगानीकर्ता पलायन हुन सक्ने चिन्ता व्यक्त गरे ।

इप्पान कार्यसमिति सदस्य उत्तरकुमार श्रेष्ठले आरसीओडी म्याद थपका विषयमा 'फोर्स मेजर' भनेर मात्र हेर्न नहुने बताए । एउटा जिल्लामा बाढी आएर पुल बगाउँदा त्यही जिल्लाका आयोजनाले आरसीओडी थप पाउँदा त्यही पुलबाट सामान ढुवानी गर्नुपर्ने अर्को जिल्लाको आयोजनाले भने उक्त सुविधा पाउन नसकेको उनको भनाइ छ ।

कार्यसमिति सदस्य कुबेरमणि नेपालले सबै आयोजनाका पावर हाउसमा १/१ मेगावाट सोलार राख्न अनुमति दिए हिउँदको माग व्यवस्थापनमा सहज हुने बताए । तर त्यसका लागि उक्त बिजुलीको रेट पनि आयोजनाले हिउँदमा पाउने बराबर नै हुनुपर्ने उनको भनाइ छ ।

इप्पानले राखेका समस्याको जवाफ दिँदै कार्यकारी निर्देशक शाक्यले आरसीओडी थपका लागि बनेको समितिले रिपोर्ट बुझाइसकेको र त्यसैका आधारमा म्याद थप हुने बताए । कतिपय आयोजनाको हकमा त्यसको अवस्था हेरेर निर्णय लिनुपर्ने शाक्यको भनाइको इप्पानका पदाधिकारीले प्रतिवाद गरे । शाक्यले अख्तियारको डर देखाउँदै कन्टिन्जेन्सी व्यवस्था भने तत्कालै खारेज गर्न नसकिने जवाफ दिए ।

यो समस्या समाधानका लागि लाइनको क्षमता बढाउन र नयाँ बनाउन निजीक्षेत्रसँग मिलेर काम गर्नुको विकल्प नभएको उनको भनाइ छ । निजीक्षेत्रले प्रसारणलाइन बनाउँदा जलविद्युत् उत्पादनको पीपीए गरेजस्तै प्रसारणलाइनमा पनि त्यस्तै मोडालिटीमा आम्दानीको ग्यारेन्टी गरिने शाक्यको भनाइ छ ।

पीपीए भइसकेर निर्माणमा गएका ५ हजार मेगावाट क्षमताका आयोजना र अब पीपीए हुने ४ हजार ९०० मेगावाट क्षमताका आयोजनाको विद्युत् ६ महीना सीधै भारत निर्यात हुने सुनिश्चितता गरेर थप आयोजनको पीपीएका लागि आफू लागिरहेको शाक्यले बताए । पीपीए खुला गर्ने अर्को विकल्प निजीक्षेत्रले नै विद्युत् खरीदविक्री गर्ने बाटो खुलाउनु रहेको उनको भनाइ छ ।